# १२ आमूल परिवर्तित अर्थात सुधारिएको काँचुली फेरिएको आदर्श जीवन

*यस अध्यायका मूल पदहरू:* २ तिमोथी ४:११, फिलमन १-२५, २ कोरन्थी १०:१२-१५, रोमी ५:८-११, मत्ती १८:१५-१७।

*हृदयमा राख्नुपर्ने पद:* "एक समयमा हामी परमेश्वरको विरोधीहरू थियौं। तर उहाँको पुत्र हाम्रो निम्ति मर्नुभएकोले उहाँले हामीलाई उहाँतिर फर्काएर ल्याउनु भएको छ। अब हामीलाई परमेश्वर आफैले उहाँमा फर्काउनु भएकोले हामी अझ सुरक्षित छौं। ख्रीष्ट येशू जीवित भएको हुनाले हामी पापबाट बच्नेछौं भन्ने हामीलाई थाहा छ।" (रोमी ५:१० रूपान्तरित)।

पेन्टिकोस्टको समयमा पवित्र आत्मा येशूका चेला र अरू विश्वासीहरूमा खन्याइएको थियो। तर पवित्र आत्मा तिनीहरूमा खन्याइएको थियो भन्दैमा तिनीहरूमा कचकच वा असहमत कहिलै भएको थिएन भनेर बाइबलले लुकाउँदैन। चर्चका अगुवा र सदस्यहरूले चर्चमा भित्रेका असहमत र वादविवादको चुनौतीहरूलाई कसरी सामना गरे भनेर नयाँ करारले विभिन्न उदाहरणहरूद्वारा प्रस्तुत गर्दछन्। तिनीहरूले अपनाएका नितिहरू दुई हजार वर्ष पुरानो भनेर पन्छाउनु उचित नभएकोले अहिलेको लागि पनि चर्चको हितको निम्ति समय सापेक्षित छ भनेर स्वीकार गर्नु जरुरत छ। जब विश्वासीहरूको बीचमा वादविवाद हुन्छ त त्यसलाई सुल्झाउन बाईबलको निति अपनाइयो भने सकारात्मक परिणाम निस्कन सकिन्छ भनेर उपरोक्त उदाहरणहरूले देखाउँदछन्।

टुटिएको सम्बन्धलाई कसरी फेरि गाँस्ने भनेर यस अध्यायमा हामी अध्ययन गर्नेछौं। विगत समयमा महान् आत्मिक पुनर्जागरणले एक आपसमा टुटिएको वा विग्रिएको सम्बन्ध फेरि जोडिएको थियो। पवित्र आत्माले नै मानिसहरूलाई परमेश्वरतिर ल्याउने र एक आपसमा मेलमिलाप गराउने भएकोले त्यो पुनर्मिलन सम्भव भएको थियो। परमेश्वर र मानिसमा भएको सम्बन्धलाई तगारो ल्याउने तगारो पवित्र आत्माले नै भाँच्नुहुन्छ। त्यसरी नै विश्वासी विश्वासीको बीचमा सम्बन्ध विगार्न खडा हुने तगारोलाई पनि पवित्र आत्माले भत्काइ दिनुहुन्छ। सुसमाचारको

उत्कृष्ट उदाहरण भनेको चर्चले कस्ता कस्ता किसिमको महान् शिक्षादिक्षा प्रचार प्रसार गर्छ भन्दा पनि चर्च कुन हिसाबमा उदाहरण बनेर जीइरहेको छ त्यसले देखाउँछ।

"यदि तिमीहरूले एक आपसमा माया गर्दछौ भने तिमीहरू मेरा भक्त हौ भनेर सबैलाई थाहा हुनेछ।" यो उदगार येशूले यूहन्ना १३:३५मा व्यक्त गर्नुभएको थियो। प्रेम बिना हामीहरूको आत्मिक पुनर्जागरण र जीवनशैलीमा आमूल परिवर्तन ल्याउने भाषणहरू वेकारको हुन्छ।

## १. टुटिएको सम्बन्धदेखि मित्रताको गाँठो (कलस्सी ४:१०,११)

येशूको प्रखर भक्त र प्रचारक र उनको अभिन्न सहकर्मी मित्र बारनाबास दुवै एकमत भएर येशूको निम्ति काममा खटेका थिए। तर सुसमाचार प्रचारप्रसार गर्ने क्रममा तिनीहरूको बीचमा मर्कूस नाउँ गरेको एक युवक विश्वासीको कुरामा केहि खटपट भएको थियो (प्रेरित १५:३६-३९)। युवा विश्वासी यूहन्ना मर्कूस वा जोन मार्कलाई पावलले विश्वास गर्न सकेको थिएन। सुसमाचार प्रचार गर्दा आएको दुःख वा सतावतले गर्दा मर्कूस अत्यन्त निराश भएर पावल र बारनाबासलाई छोडेर आफ्नो घर फर्केका थिए।

"मर्कूस कुन परिस्थितिलाई अनुभव गरेर ती प्रेरितहरूलाई छाडेका थिए सो को बारेमा पावल संवेदनशील नभएर उनीप्रति क्रोधित भएर उनको गलत रूपमा मूल्याङ्कन गरेका थिए। तर मर्कूस अनुभवमा पाको नभएको हुनाले कोमल भएर उनलाई क्षमा दिन बारनावास बढि तत्पर थिए। मर्कूसको खुबी देखेको हुनाले परमेश्वरको सेवाकार्यको काम गर्न छोड्नुहुन्न भनेर बारनाबासले सोचेका थिए। ख्रीष्टको निम्ति उपयोगी कार्यकर्ता हुने मर्कूसको प्रतिभालाई बारनाबासले महशूस गरेका थिए।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. १७०बाट रूपान्तरित।

परमेश्वरले आफ्नो सेवाकार्यको निम्ति ती दुवै विश्वासका लोह पुरूषहरूलाई प्रयोग गर्नुभएको थियो। तर तिनीहरूको विचमा भएको मनमुटाबको समस्या सुल्झाउनु आवश्यक थियो। पावल अनुग्रहको प्रखर प्रचारक थियो। तर परमेश्वरको अनुग्रहको बारेमा प्रचारमात्र गरेर पुग्दैन, उनलाई निराशमा पार्ने युवा प्रचारकलाई देखाउनु पर्ने अनुग्रह पावल

आफैको आवश्यकता थियो। क्षमाको बारेमा शुभ सन्देशको प्रवचन दिने पावलले मर्कूसलाई क्षमा दिनु आवश्यक थियो। बारनाबासको गुरुत्वमा मर्कूसको आत्माज्ञान वढ्दै गरेकोले, पछि उनी परमेश्वरको काममा वढि ध्यान दिन परिवर्तन भएको थियो। उनको त्यस परिवर्तनले गर्दा पावलको हृदय छोएको देखाइएको छ।

येशूको बारे प्रचार गरिन्दा पावल झ्यालखानामा परेका थिए। झ्यालखानाबाट उनले उनको सहकर्मी तिमोथी र आधुनिक टर्कीमा रहेको त्यसबेलाको कलस्सी भन्ने शहरको चर्चलाई पत्रहरू लेखेका थिए। ती पत्रहरूमा युवा प्रचारक जोन मार्क अर्थात् मर्कूसको बारेमा उल्लेख गरेर उनको कामप्रति सराहना प्रकट गरेका थिए। उदाहरणमा देहायका पदहरूले यसरी बताउँछन्: कलस्सी ४:१०,११, **"मसँगै कैदमा भएका अरिस्तार्खसले तिमीहरूलाई अभिवादन पठाएका छन्। बारनाबासको भाइ मर्कूसले पनि अभिवादन पठाएका छन्। उनको बारेमा मैले अघि नै तिमीहरूलाई भनिसकेको छु, उनी आए भने राम्रोसँग स्वागत गर। ११ युस्तस भनिने येशूले पनि तिमीहरूलाई अभिवादन पठाएका छन्। परमेश्वरको राज्य बढाउन मसँगै काम गर्ने इस्राएलीहरूमा यिनै तीन जना मात्रै हुन्। साँच्चै यिनीहरूले मलाई निकै हौसला दिएका छन्।"**, २ तिमोथी ४:११,"**...** मर्कूसलाई चाहिँ तिमीले सँगै लिएर आउनू। उनले मेरो काममा धेरै सघाउन सक्नेछन्।"

पावल र मर्कूसको बीचमा कसरी मेलमिलाप भयो भनेर विस्तृत रूपमा धेरै उल्लेख नगरीएतापनि बाइबलमा जे लेखिएको छ सो स्पष्ट छ। पावलको भरपर्दो र विश्वासीलो सहकर्मीहरूमा मर्कूस पनि एक हुन पुगेको थियो। कलस्सीका चर्चलाई मर्कूसको बारेमा आफ्नो सहकर्मी भनेर पावलले उच्च सिफारिस गरेका थिए। जीवनको अन्त्यमा रोमको झ्यालखानामा पावल परिरहेको बेलामा तिमोथीलाई लेखेको पत्रमा उनीसँग मर्कूस पनि लिएर आउनु भनेर जोडसँग अनुरोध गरेका थिए। "परमेश्वरको सेवाकार्यमा मर्कूस अत्यन्त उपयोगी भएको" भनेर पावलले उनको कामलाई कदर गरेको थियो।

युवा प्रचारक मर्कूसले पावलको सेवाकार्यमा भारी सहयोग गरेको थियो भनेर उपरोक्त विवरणहरूले बताउँछन्। त्यसको अर्थ मर्कूसको विगत भूललाई पावलले क्षमा दिएका थिए भनेर स्पष्ट रूपमा देखाइएको छ। पावल र मर्कूसको बीचमा भएको मनोमालिन्यको तगारो भाँचिएको

थियो। त्यसको फलस्वरूप तिनीहरू सुसमाचारको काममा लाग्न एक भएर जान सक्ने भएको थियो।

कतिपय मानिसहरूले हामीलाई निराश पार्न सक्छ, हामीहरूको हृदयमा चोट पुऱ्याउन सक्छ, हामीहरूको सहमतमा नहिँड्न सक्छ, यद्यपि तिनीहरूलाई क्षमा दिन हामीले सिक्नुपर्दछ। यो पनि ध्रुव सत्य हो की हामीले क्षमा दियौं भन्दैमा टुक्रिएको सम्बन्ध सधैं जोडिन्छ भन्ने छैन। जे भएतापनि येशूभक्त भएको हैशियतले हामीहरूको हृदयमा क्षमाशीलतालाई कसरी सजाएर राख्ने?

## २. दासबाट छोरोको स्तरमा (फिलमन १-२५)

रोमको झ्यालखानामा परिरहेको बेलामा पावलले ओनिसमस नाउँ गरेको एक जना भगुवा दासलाई भेटेका थिए। कलस्सी शहरमा रहेको आफ्नो मालिकको घरबाट अत्यन्त टाढा रहेको शहर रोममा त्यस दास भागेको थियो। संयोगवश ओनिसमसको मालिक फिलमनलाई पावलले व्यक्तिगत रूपमै चिनेका थिए। पावलको सङ्गतमा आएपछि ओनिसमसले येशूलाई ग्रहण गरेको थियो। ओनिसमस आफ्नो मालिकको घरमा गएर आफ्नो भुल स्वीकार गर्दै उनको सेवा गर्न पावलले अऱ्हाएको थिए। तर पावलले ओनिसमसलाई त्यसै नपठाई उनको हातमा आफ्नो मित्र फिलमनको निम्ति पत्र भिऱ्याई दिएका थिए। त्यस पत्रमा पावलले आफ्नो मित्र फिलमनलाई ओनिसमसको निम्ति व्यक्तिगत अनुरोध लेखेका थिए। भागिएको दासलाई क्षमा दिएर उनीसँग विग्रिएको सम्बन्ध पुन गाँसियोस् भनेर अनुनय विन्ती गर्दै पावलले लेखेका थिए।

पारस्परिक सम्बन्ध सुमधुर राख्ने निति पावलको निम्ति अत्यन्त महत्त्वपूर्ण थियो। विग्रिएको सम्बन्ध वा कुनै पनि मनमुटाब कसैप्रति राखी छोड्यो भने आत्मिक श्वास्थ्य र विकासको निम्ति हानीकारक हुन्छ भन्ने ज्ञान प्रेरित पावलमा थियो। फिलमन कलस्सी शहरमा रहेको चर्चको अगुवा थियो। यदि भगुवा दास ओनिसमसको विरुद्धमा फिलमनले मनमुटाब, कठोरता वा नराम्रो भावना राखिरह्यो भने उसको इसाई क्रियाकलापमा दाग लाग्दथ्यो।

फिलमनलाई लेखेको पत्र छोटो छ। तर त्यसमा इसाई इसाईको बीचमा कस्तो सम्बन्ध हुनुपर्छ भन्ने महत्त्वपूर्ण नितिहरूलाई प्रस्तुत गरेका छन्। परमेश्वरसँग सिधा सम्बन्ध राखेपछि विश्वासीहरूसँग

हुने तेर्सो सम्बन्ध पनि स्वच्छ र चुस्त हुनुपर्छ नितिहरूलाई आत्मसात् गर्न फिलमनलाई लेखेको पावलको पत्रले अपेक्षा गर्दछ। हेर्नुहोस् केवल २५ पदहरूमात्र भएको फिलमनः “१ येशू ख्रीष्टको निम्ति म कैदी पावल र तिमोथी भाइबाट यो पत्र हाम्रा प्यारा सहकर्मी फिलेमोन, २ हाम्री बहिनी अप्फिया, हाम्रो सह-सिपाही अर्खिप्पस र तिम्रो घरमा भेट हुने झुण्डलाई हो। ३ परमेश्‍वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टले तिमीहरूलाई अनुग्रह र शान्ति देऊन्। ४ फिलेमोन भाइ, मैले प्रार्थना गर्दा तिमीलाई सम्झेर मेरा परमेश्‍वरलाई सधैं धन्यवाद दिन्छु। ५ तिम्रो प्रेम र विश्‍वास प्रभु येशूमा र परमेश्‍वरका भक्तहरूमा भएको सुन्दछु। ६ तिम्रो विश्‍वासको संगतिले हामी ख्रीष्टमा रहँदा हामीमा हुने सबै असल कुरालाई गहिरोसँग बुझ्ने शक्ति देओस् भनी प्रार्थना गर्छु। ७ प्यारो भाइ, तिम्रो मायाले मलाई ठूलो आनन्द र धेरै उत्साह दिएको छ। तिमीले परमेश्‍वरका भक्तहरूको हृदय आनन्दित पारेका छौ।

८ यसैकारण ख्रीष्टमा तिम्रो साहसी दाजु भएर तिमीले के गर्नुपर्छ भनी आज्ञा गर्न सक्थें, ९ तर प्रेमको कारणले तिमीलाई बिन्ती गर्दछु। अब म बुढो मानिस र हालमा येशू ख्रीष्टकै लागि कैदी भएको पावल १० आफ्नो बालकको लागि तिमीसँग बिन्ती गर्छु। म झ्यालखानमा हुँदा ख्रीष्टमा ओनेसिमसको बुबा भएको छु। ११ उनी तिम्रो लागि काम नलाग्ने थिए, तर अहिले तिमी र म दुवैको लागि काम लाग्ने भएका छन्। १२ म उनलाई फेरि तिमीकहाँ पठाउँदै छु। उनी मेरो हृदयका टुक्रा नै हुन्। १३ सुसमाचारको कारण झ्यालखानमा भएको बेला तिम्रो साटो उनलाई नै मेरो हेर-विचार गर्न राख्नेथिएँ। १४ तर तिम्रो मन्जुरीबिना यसो गर्न ठीक लागेन। मलाई दया गर्न तिमीलाई कर नलागोस्, तर तिम्रो खुसीले होस् भन्ने चाहन्छु। १५ सायद सधैंको लागि फेरि तिमीसँग रहून् भनी केही समयको लागि ओनेसिमस छुट्टिएका थिए। १६ अब उनी कमारा होइनन् तर कमाराभन्दा बढी प्यारा विश्‍वासी भाइ हुन्। उनी मेरा लागि कति प्यारा छन्। शारीरिकरूपमा र प्रभुमा उनी झन् कति धेरै तिम्रो लागि प्यारा होलान्।

१७ त्यसो हुँदा मलाई साझेदार सम्झन्छौ भने मलाई झैं उनलाई स्वागत गर। १८ यदि उनले केही बिराएका छन् भने या केही तिर्नुपर्ने कुरा छ भने मेरो नाउँमा राखिदिनू। १९ म पावल, आफ्नै हातले लेखेर भन्छु, त्यो मै तिर्नेछु। तिमीले आफ्नो जीवन पनि मबाटै लिएको मैले

भनिरहनुपर्दैन। २० यसकारण भाइ, प्रभुमा मेरो लागि पनि यो गरिदेओ। ख्रीष्टमा मेरो हृदय आनन्दले भरिओस्।
२१ लेख्दालेख्दै पनि मलाई पूरा विश्वास छ, तिमीले मैले भनेको गरिदिन्छौ र अझ बढी पनि गरिदिन्छौ। २२ यसको साथसाथै अर्को कुरो, तिमीहरूको प्रार्थनाले म पनि तिमीकहाँ आउन पाऊँला भन्ने आशा राखेको छु र मेरो लागि पनि बस्ने ठाउँ मिलाइदेओ। २३ येशू ख्रीष्टको लागि मसँग कैदी भएका इपाफ्रासबाट तिमीहरूलाई अभिवादन छ। २४ मसँगै काम गर्ने मर्कूस अनि अरिस्तार्खस, डेमास र लूकाको पनि अभिवादन छ। २५ प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूका आत्मामा रहोस्।"

**पहिला झट्ट हेर्दा दासत्वको दुष्ट संस्कारको विरुद्धमा पावलले किन बुलन्द आवाज उठाएन होला भनेर मानिसहरूलाई छक्क पार्न सक्छ। तर मानव बेचविखनको विरुद्धमा केवल अभियान चलाएर वा सामाजिक सुधार गर्न आह्वान गरेरमात्र सुधार नहुने भन्ने प्रमाण पाएको पावलले त्यस खराब प्रवृत्ति वा संस्कारको खिलाफमा उत्कृष्ट योजना उनले प्रस्तुत गरेका थिए। स्वतन्त्र मालिक र किनिएको दास वा मजदूरवर्गको बीचमा हुने कुनै पनि तगारो, यहूदी वा गैर यहूदी अर्थात् देशी विदेशीको बीचमा हुने कुनै पनि पूर्वाग्रहको भावना, पुरुष र महिलाको बीचमा हुने भेदाभावको संस्कारलाई तोडी सबै मानिस बराबर हुन् भन्ने निति येशूको भएको हुनाले कोही मानिस उहाँको भक्त भनेर दावी गर्छ भने मानव जातिको विरुद्धमा हुने कुनै पनि त्यस्ता भेदभावलाई तोड्नुपर्छ भन्ने पावलले गलाती ३:२८मा स्पष्टसँग उल्लेख गर्दछन्। जब पावलको सम्पर्कमा आएपछि ओनिसमस दास येशूको भक्त बने तब उनको दर्जा दास नभएर पावलको छोरो बन्न पुगे। "अब प्रभुमा प्रिय भाई भनेर व्यवहार गर्नु" भनेर आग्रह गर्दै ओनिसमसलाई फिलमनकहाँ फिर्ता पठाएका थिए (पद १६)।**

भगुवा दासहरूको भविश्य अन्धकार हुन्छ भन्ने कुरालाई पावलले राम्रैसँग बुझेको थियो। भगुवा दासलाई उसको मालिकले कुनै पनि बखत र जहाँ पनि पक्रन सकिन्थ्यो। यदि उसलाई पक्रियो भने कि त उसलाई मारिन्थ्यो वा कडा परिश्रमको सजायँ दिन्थ्यो। त्यसले गर्दा जिन्दगीभर उसले दरिद्रको जीवन बिताउनु पर्थ्यो। अब ओनिसमस प्रभुको विश्वासी भएको हुनाले फिलमनको निम्ति दिल खोलेर सेवा गर्न तयार भएको

भएको थियो। परिवर्तित वा काँचुली फेरिएको ओनिसमस खीष्टमा फिलमनको सहोदर भाई हुन पुगेको हुनाले फिलमनबाट ओनिसमसको भविष्य उज्ज्वल हुने सम्भावनालाई पावलले अपेक्षा गरेका थिए। फिलमन अन्तर्गत ओनिसमसको खाना, बस्ने व्यवस्था र काम सुरक्षित हुनेछ भनेर पावल विश्वस्त भएका थिए।

उपरोक्त परिवेशमा पुन गाँसिएको सम्बन्धले गर्दा ओनिसमसको जीवनमा भारी परिवर्तन भएको हुन सक्छ। किनभने उनी पछि गएर पावलको "विश्वासी, भरपर्दो र प्रीय भाई" मात्र नभएर सुसमाचारको काममा सहकर्मी भएर क्रियाशील हुन पुगेको थियो (कलस्सी ४:९)।

तपाईंको र तपाईंका आफन्त, मित्र वा विश्वासीहरूको बीचमा केहि मनमुटाब भएको हुनसक्छ। अरूले तपाईंलाई चित्त दुखायो भन्दैमा वा हानी गऱ्यो भन्दैमा त्यसप्रति रिसइबी नराखी सुसमाचारको नितिलाई अवलम्बन गरेर विग्रिएको सम्बन्ध कसरी जोड्ने?

## ३. प्रतिस्पर्धा गर्न होइन बरू सहयोग गर्न बोलाइएको (१ कोरन्थी ३:५-११)

कोरन्थी शहरमा भएको चर्चको विश्वासीहरूको बीचमा चर्काचर्की मनमुटाब र वखेडाले पिरोलेको थियो भनेर अगाडिका पाठहरूमा देखाइएको हामीले हेऱ्यौ वा १ र २ कोरन्थीलाई फेरि पढ्यौं भने विश्वासीहरूको बीचमा भएका त्यस्ता चालामाला तपाईंले स्पष्ट रूपमा देख्न सक्नुहुन्छ। विग्रिएको सम्बन्ध गाँस्न कस्तो निति अपनाउनु पर्छ र विश्वासीहरूको बीचमा भएको मनमुटाबको रोगलाई कसरी निको पार्न सक्छ भनेर पावलले कोरन्थीहरूलाई लेखेका पत्रहरूमा रुपरेखा हामी पाउँछौं। यदि हामी आत्मिक पुनर्जागरण र काँचुली फेरिएको जीवन बिताउन चाहन्छौं भने ती नितीहरूलाई हामीले पनि अवलम्वन गर्नुको विकल्प अरू छैन। हेर्नुहोस् पावलले कोरेका प्रत्येक इसाईमा हुनुपर्ने नितिहरू: १ कोरन्थी ३:५-१५ "अपोल्लोस को हुन्? र पावल को हो? हामी दुवै तिमीहरूलाई विश्वासमा ल्याउने परमेश्वरका खेताला हौं। प्रभुले नै खटाउनुभएको काम हामी गर्छौं। ६ मैले बिरुवा लगाएँ, अपोल्लोसले पानी हाले, तर बढाउने काम त परमेश्वरले नै गर्नुभयो। ७ बिरुवा लाउने र पानी हाल्ने ठूलो होइन, तर बढाउने पो ठूलो हो। ८ रोप्ने र पानी हाल्नेमा केही फरक छैन।

परमेश्वरले सबैलाई आ-आफ्नो मेहनतअनुसार इनाम दिनुहुनेछ। ९
हामीचाहिँ सबै काम गर्ने परमेश्वरका खेताला हौं अनि परमेश्वरको खेत
तिमीहरू नै हौ। तिमीहरू परमेश्वरले बनाउनुहुने घर हौ। १०
परमेश्वरको अनुग्रहले गर्दा मैले सिपालु मूल कर्मीले झैं जग हाल्न पाएँ,
अनि अरूले चाहिँ यसमाथि घर बनाउँदछन्। घर बनाउने हरेकले
कसरी बनाउनुपर्ने हो, राम्ररी होश राख्नुपर्छ ११ किनभने परमेश्वरले
हाल्नुभएको एउटै जग येशू ख्रीष्ट नै हुनुहुन्छ। कसैले अरू कुनै जग
हाल्न सक्तैन। १२ यसै जगमाथि कसैले सुन-चाँदी वा धेरै धेरै मोल
पर्ने रत्नहरू हालेर बनाउँदैजालान्। कतिले चाहिँ काठ, खर वा परालले
यो घर बनाउलान्। १३ सबै मानिसको राम्रो-नराम्रो काम परमेश्वरले
न्याय गर्नुहुने दिनमा जाँचिनेछ किनभने त्यस दिन तिनीहरूले गरेको
काम कस्तो रहेछ, आगोमा हालेर जाँचेर हेरिनेछ। १४ त्यस जगमा
बनाउने मानिसको काम आगोमा हाल्दा खरानी भएन भने उसले इनाम
पाउनेछ। १५ यदि कोही मानिसको काम जल्यो भने उसले त्यो
गुमाउनेछ तर आगोबाट उम्केझैं ऊ आफैं त बचाइनेछ।", १ कोरन्थी
१२:१-११, "अब दाजुभाइ हो, पवित्र आत्माका वरदानको बारेमा
तिमीहरूलाई साँचो कुरा बुझाउन चाहन्छु। २ तिमीहरूलाई थाहै छ,
प्रभुमा विश्वास नगर्दा तिमीहरू कुनै न कुनै किसिमले बोल्दै नबोल्ने
मूर्तिहरू मान्थ्यौ। ३ परमेश्वरको आत्मामा चल्ने मानिस कसैले पनि
"येशूलाई धिक्कार!" भन्दैन अनि पवित्र आत्माले भन्न नलाउनुभएसम्म
कसैले पनि "येशू नै प्रभु हुनुहुन्छ," भन्दैन भनी म तिमीहरूलाई जनाउन
चाहन्छु। ४ पवित्र आत्माका वरदानहरू धेरै किसिमका छन् तर
वरदान दिने पवित्र आत्मा एउटै हुनुहुन्छ। ५ धेरै किसिमले सेवा
चाहिँन्छ तर मालिकचाहिँ एउटै हुनुहुन्छ। ६ धेरै किसिमका ईश्वरीय
योग्यताहरू छन् तर हरेकलाई यी सब दिने परमेश्वरचाहिँ एउटै
हुनुहुन्छ। ७ सबैको भलाइ होस् भनेर हरेक मानिसलाई पवित्र
आत्माको काम प्रकट हुन हरेकलाई वरदानहरू दिइएको छ। ८
कसैलाई पवित्र आत्माले नै बुद्धिको वचन दिने वरदान दिनुहुन्छ र उही
आत्माले कसैलाई ज्ञानको वचन दिने वरदान दिनुहुन्छ। ९ उही पवित्र
आत्माले कसैलाई विशेष विश्वास दिनुहुन्छ र कसैलाई बिरामी निको
पार्ने वरदानहरू दिनुहुन्छ। १० कसैलाई चाहिँ अचम्म-अचम्मका काम
गर्ने शक्ति दिनुहुन्छ। कसैलाई अगमवाणी बोल्ने (अर्थात् बुझ्ने भाषामा

परमेश्वरको तर्फबाट बोल्ने) वरदान, कसैलाई आत्माहरू छुटयाउने वरदान अनि कसैलाई विभिन्न किसिमका अन्य भाषाहरूमा बोल्ने वरदान त कसैलाई ती भाषाहरूको अर्थ खोल्ने वरदान पवित्र आत्माले नै दिनुहुन्छ। ११ यी सबै उही एउटै पवित्र आत्माका काम हुन्। पवित्र आत्माले आफ्नै इच्छाअनुसार सबैलाई यी बेग्ला-बेग्लै वरदानहरू दिनुहुन्छ।" र २ कोरन्थी १०:१२-१५, "ठूला सम्झनेहरूसँग हामी आफूलाई दाँज्ने र हाराहारीमा राख्ने साहस गर्दैनौं। तिनीहरूले त कुरै बुझ्दैनन्। असल कुराको नाप उनीहरू आफैं तोक्छन् र त्यही नापले आ-आफूलाई नापेर मक्ख पर्छन्। १३ तर हामीले त हद नाघेर घमण्ड गर्दैनौं। परमेश्वरले तिमीहरूसम्म पुग्ने कामको क्षेत्र हामीलाई दिनुभएको छ र त्यसैको बारे मात्र गर्व गर्छौं। १४ तिमीहरू हामीले पाएको जिम्मावारीको क्षेत्रभित्र नै छौ। सबैभन्दा पहिले हामी नै तिमीहरूकहाँ ख्रीष्टको बारे सुसमाचार सुनाउन आयौं र तिमीहरूको बारेमा गर्व गर्दा हाम्रो हक मुताबिकको काम गरेका छौं। १५ आफ्नो क्षेत्र नाघेर अरूले गरेको काममा हामी गर्व गर्दैनौं। हाम्रो ठूलो आशाचाहिँ तिमीहरूको विश्वास बढ्दैजाओस् अनि हामीलाई भएको कामको क्षेत्र पनि ठूलो हुँदैजाओस् भन्ने नै हो।"

**चर्चमा चाहिने एकताका महत्त्वपूर्ण शुत्र वा नितिहरूको रूपरेखा पावलले उपरोक्त पदहरूमा कोरेका छन्।**

**चर्चमा विभिन्न खुबी भएका मानिसहरू छन् र चर्चमा हुनुपर्ने विभिन्न सेवाकार्यको निम्ति येशूले ती विभिन्न खुबी भएका विश्वासीहरूलाई प्रयोग गर्नुहुन्छ भनेर पावलले औंल्याउँछन्। तर प्रत्येक सेवक परमेश्वरको राज्यको निर्माणको निम्ति एकजुट भएर काम गरिरहेको आभास पाउन जरूरी छ (१ कोरन्थी ३:९)।**

**परमेश्वरले हामीहरूलाई सहकार्य गर्न आह्वान गर्नुहुन्छ तर प्रतिस्पर्धा गर्न होइन। चर्च ख्रीष्टको शरीर हो र त्यसको सेवा गर्न परमेश्वरले प्रत्येक व्यक्तिलाई केही न केही बरदान दिनुभएको छ। ख्रीष्टको शरीर र समाजको सेवा गर्न आफूले पाएको खुबी वा वरदानलाई प्रयोग गरि सहयोगीको भावनाले उत्प्रेरित हुन परमेश्वरले प्रत्येक भक्तलाई आह्वान गर्नु हुन्छ (१ कोरन्थी १२:११)। चर्चको संभार र विकास गर्न प्रत्येक विश्वासीलाई दिइएको खुबी ठूलो वा सानो भन्ने छैन। प्रत्येक व्यक्तिमा भएको वरदान वा खुबी ख्रीष्टको चर्चको निम्ति आवश्यकता छ**

(१ कोरन्थी १२:१८-२३)। र परमेश्वरले हामीलाई दिनुभएको खुबी, वरदान वा प्रतिभाहरू स्वार्थहितको निम्ति होइन न त अरूको अगाडि सम्मान पाउन वा लोकप्रिय हुन देखाउनको लागि हो। परमेश्वरको र अरूको सेवा गर्न पवित्र आत्माले ती खुबी, वरदान वा प्रतिभाहरू हामीलाई दिइएको हो।

प्रतिस्पर्धा गर्ने र अरूसँग दाँज्ने निति वुद्धिमानी होइन। त्यस्तो मनिस्थितिले हामीलाई की त निराश पार्दछ की त अहँकारले फुलाउँदछ। हामी भन्दा अरू धेरै राम्रो छ, असल छ, ठूला ठूला कामहरू गर्दछन् वा खुबीहरू छन् भनेर हामीले तिनीहरूसँग दाँज्दा हामी हतोत्साहि हुन्छौं। अरूले भन्दा ख्रीष्टको काममा हामी वढि खटिएका छौं वा राम्रो गरेका छौं भन्ने सोचमा हामी पुग्यौं भने हामीमा अहँता जागेर आउन सक्दछ। ती दुवै खालका मनोवृत्तिले ख्रीष्टलाई सेवा गर्ने हामीहरूको चाहनालाई अपाङ्ग बनाइदिन्छ। तर ख्रीष्टले हामीलाई हामीहरूको क्षमता अनुसार दिनुभएको खुबी, प्रतिभा वा वरदानलाई प्रयोग गर्न राजी भयौं भने हामीले आनन्द र हर्षको अनुभव गर्न सक्दछौं र उहाँको महिमाको निम्ति हामीले दिने गवाही पनि प्रभावकारी हुन सक्दछ।

यदि हामी एक आपसमा मिलोमत्तो गरेर काम गऱ्यौं भने एक आपसमा मद्दत पनि हुन्छ। चर्चका अरू विश्वासीहरूलाई टेवा दिंदै हामी क्रियाशील भयौं भने परमेश्वरको राज्य द्रुतगतिले वढ्न सबैलाई साहस मिल्दछ।

हामी मानिस त हौं, चर्चमा अरूसँग भएको हाम्रो भन्दा राम्रो खुबी वा वरदान देख्दा के हामी डाहा गर्दछौं वा उसको खुट्टा तान्ने मनस्थितिमा पुग्छौं? (यस्तो संस्कारमा पर्न त्यति गाऱ्हो छैन, छ त?) फेरि त्यसै वखत अरूले भन्दा म राम्रो गर्न सक्छु वा मसँग बढि खुबी छ भन्ने मनस्थितिले के तपाईंलाई फुलाइरहेको छ? यसता खालका धरापहरूबाट उम्किन वा निश्वार्थी भावनाले प्रेरित हुन हामी कसरी सिक्ने?

## ४. अप्रिय अनुभव वा भावनाले पिरोलिएको जीवनबाट छुट्कारा पाइ क्षमाशीलता अपनाउनु (लूका २३:३१-३४)

कसैलाई क्षमा दिनु भनेको के हो? कसैलाई माफी दिनु भनेको के हो? कसैले हामीलाई भयङ्कर नराम्रो दुर्व्यवहार गऱ्यो रे! के हामीले उसलाई क्षमा दिइयो भने त्यो व्यवहार सही वा उचित हुन जान्छ र? हाम्रो सत्यानाश गर्न खोज्ने वा दुःख कष्ट दिन खोज्ने व्यक्तिले आफ्नो कामप्रति कति दुखित छ वा पछुताव गरेको छ रे, के उसको पश्चातापको नाडी छामेर हामीहरूले उनलाई क्षमा दिने? अझ तितो सत्य त यो हो, हामीलाई परिशान वा व्याकुल बनाउने मानिस हाम्रो क्षमाको योग्य छैन भने के गर्ने?

विभिन्न दर्शनहरूमा क्षमाको परिभाषा आआफ्नै हुनसक्छ, तर बाइबलको परिभाषा के हो त? देहायका बाइबलका अंशहरूले क्षमा वा माफी दिने प्रत्येक येशूभक्तहुँ भन्नेमा हुनुपर्ने गुणलाई हामीले कसरी आत्मसात् गर्ने? हेर्नुहोस्ः रोमी ५ः६-११, “६ हामी आफैंले मुक्तिको निम्ति केही गर्न नसक्ने हुँदा नै ख्रीष्ट आफैं नै हामी पापीको निम्ति ठीक बेलामा मर्नुभयो। ७ धर्मात्माको निम्ति कोही मुश्किलले मरिदेला। अति असल मानिसको सट्टामा पनि कसैले मर्ने साहस गर्ला। ८ तैपनि परमेश्वरले उहाँको प्रेम हामीलाई यसरी देखाउनुभयो, हामी पापी छँदै हाम्रा लागि ख्रीष्ट मर्नुभयो। ९ उहाँ बलिदान भएर आफ्नो रगतद्वारा हामीलाई परमेश्वरको सामु ठीक ठहराउनुभयो भने झन् बढी उहाँले हामीलाई परमेश्वरको क्रोधबाट बचाउनुहुन्छ। १० हामी परमेश्वरका शत्रु भएकै बेला उहाँको पुत्र ख्रीष्टको मृत्युद्वारा परमेश्वरले हामीलाई आफ्नो मित्र बनाउनुभएको छ भने झन् मित्र हुँदा उहाँको जीवनले हामीलाई झन् बढी गरी बचाउँछ। ११ यति मात्र होइन हाम्रा प्रभु येशू ख्रीष्टले गर्दा हामी परमेश्वरको स्तुति गर्दै रमाउँछौं कारण ख्रीष्टले हामीलाई परमेश्वरसँग मिलाप गराएर आफ्नो मित्र बनाउनुभएको छ।", लूका २३:३२-३५, “३२ तिनीहरूले दुई जना अपराधीहरूलाई पनि येशूसँगै मार्न लैजाँदै थिए। ३३ तिनीहरू खप्परे भन्ने ठाउँमा आइपुगे। त्यहाँ तिनीहरूले येशूलाई क्रूसमा टाँगेर झुण्ड्याए र ती दुई अपराधीहरूलाई पनि एउटालाई उहाँको दाहिनेपट्टि र अर्कोलाई चाहिँ देब्रेपट्टि क्रूसमा टाँगेर झुण्ड्याए। ३४ त्यस बेला येशूले भन्नुभयो, “हे पिता! यिनीहरूलाई क्षमा गर्नुहोस् किनभने

यिनीहरूले जे गरिरहेका छन्, त्यो यिनीहरूलाई थाहा छैन।" सिपाहीहरूले चिट्ठा हालेर उहाँको लुगा एक-आपसमा बाँडे। ३५ मानिसहरूले उभिएर हेरिरहेका थिए र अगुवाहरूले चाहिँ उहाँलाई खिसी गर्दै भने, "हेर, यसले अरूलाई त बचायो। यदि यो परमेश्वरले छानेको मुक्ति दिने राजा ख्रीष्ट नै हो भने आफैंलाई पनि बचाओस्।", २ कोरन्थी ५:२०,२१ "हामीहरू ख्रीष्टका तर्फबाट बिन्ती गर्दछौं। तिमीहरूसँग हामी होइन, तर परमेश्वर नै हामीमा भएर तिमीहरूसँग बिन्ती गरेजस्तै हामी ख्रीष्टको नाउँमा तिमीहरूलाई जोड गर्दछौं, परमेश्वरसँग शत्रुता छोडेर मेलमिलाप गरिहाल। २१ ख्रीष्टमा पापै थिएन, तैपनि परमेश्वरले ख्रीष्टमा हामीलाई आफ्नो अघि ठीक ठहराउन ख्रीष्टमाथि नै हाम्रो पाप राखिदिनुभयो।" र एफिसी ४:२५-३२ "...अब ढाँट्ने बानी छोडिदेओ। एक-अर्कासँग साँचो बोल किनभने हामी सबै ख्रीष्टको शरीरमा एक-अर्काका अङ्ग हौं। २६ तिमीहरूलाई रिस उठ्यो भने रिसले गर्दा पापचाहिँ नहोस्। घाम अस्ताउनुभन्दा अघि नै तिमीहरूको रिस मरिसकोस्। २७ शैतानले मौका छोप्न नपाओस्। २८ चोर्नेले चोर्ने काम छोडोस् र इमानदारीसँग आफ्नै हातले कमाओस्। त्यसपछि खाँचोमा पर्नेलाई पनि केही दिन सकोस्। २९ तिमीहरूको मुखबाट नराम्रो कुरो ननिस्किओस्, चाहिने, राम्रो र भलाइ गर्ने कुरो बोल र सुन्नेहरूलाई भलाइ होस्। ३० परमेश्वरको पवित्र आत्मालाई खिन्न नपार किनभने पवित्र आत्मा नै तिमीहरूले छुटकाराको दिनको लागि पाएको छाप हो। ३१ सबै नराम्रा कुरा, झैझगडा र रिस-राग त्यागिदेओ। गाली निन्दा गर्दै नगर, सबै किसिमका वैरभाव त्यागिदेओ। ३२ तर दयालु भई एक-अर्कालाई अनुग्रह गर। परमेश्वरले ख्रीष्टमा तिमीलाई माफ दिएझैं तिमीहरूले पनि एक-अर्कालाई माफ दिने गर।"

**परमेश्वरतिर हामीलाई फर्काउन पहिलो कदम ख्रीष्ट येशूले नै चाल्नुभएको थियो। "परमेश्वरको सदाशयता र उदारताले गर्दा हामीहरूको पाप अधर्मप्रति हामीहरूलाई दुःखित वा शोकित बनाउँछ (रोमी २:४ रूपान्तरित)। हामी धर्मात्मा भइसकेपछि होइन पापी छँदै ख्रीष्टले परमपिता सनातनका परमेश्वरसँग पुनर्मिलन गराउनुभयो। हामीहरूको पश्चाताप, पापको स्वीकार (तथा धर्मकर्मले) परमेश्वरसँग मिल्ने वा उहाँलाई रिझाउने वातावरण बन्दैन। तर क्रूसमा ख्रीष्ट**

मर्नुभएकोले मात्र हामी परमेश्वरसँग एक हुने वातावरण बनिएको थियो। परमेश्वरको समिपमा आउन हामीहरूको भाग के हो त भन्दा, ख्रीष्टले गर्नु भएको काम हाम्रो निम्ति हो भनेर ग्रहण गर्न कदम चाल्नु हो।

हामीहरूले गरेका अधर्मपना, पापी हृदयको स्वीकार नगरुञ्जेल क्षमाको आशिष पाउन सक्दैनौं वा अनुभव पनि गर्न सक्दैनौं। यस कुरालाई हामीले पन्छाउन त सक्दैनौं, तर त्यसको अर्थ यो पनि होइन की हामीहरूको स्वीकारयोक्तिले परमेश्वरको हृदयमा क्षमा दिने वातावरणको सृजना हुन्छ। तर हामीहरूको पापको स्वीकारले क्षमा पाउन सहायता गर्दछ (१ यूहन्ना १:९)। त्यसकारण हामीले गरेका पाप अधर्म वा मनमा खेलाइराखेका कटुपनालाई स्वीकार गर्नु धेरै महत्त्व छ। तर त्यसो गरेको हुनाले हामीप्रति परमेश्वरको मनस्थिति बदलिन्छ भनेको पनि होइन। तर हामीहरूले हामीहरूको पापको यथास्थितिलाई बुझेर उहाँकहाँ आएर पापको स्वीकार गर्दा उहाँप्रतिको हाम्रो धारणामा परिवर्तन आउँछ। यो महत्त्वपूर्ण तथ्यलाई हामी सबैले बुझ्नु पर्दछ। जब हामी पवित्र आत्माको शक्ति वा प्रभावले हाम्रो पापको स्वभावप्रति शोकित हुन्छौं र त्यसलाई स्वीकार गर्दछौं तब परमेश्वरमा हामी अर्पित हुन्छौं। त्यसको फलस्वरुप हामीहरूको स्वभाव बदलिन्छ।

हामीहरूको आत्मिक स्वास्थ्यको निम्ति क्षमाशीलताको भावना हुनु अति जरुरी छ। कुनै व्यक्तिले हामीलाई नराम्रो गर्‍यो, चित्त दुखायो, हानी पुर्‍यायो भने यदि उसलाई क्षमा दिएनौं भने त्यसले उसलाई भन्दा हामीलाई नै झन खराब गर्दछ। - कसैले तपाईंप्रति गलत व्यवहार गरियो रे, त्यसले गर्दा तपाईंको हृदयमा चोट पुर्‍याउने स्वभाविकै हो। तर तपाईंले उसलाई क्षमा दिन असमर्थ हुनुभयो भने त्यो चोट वा पिडा बढ्दै जानेछ। त्यो अवस्थामा तपाईं परिरहनुभयो भने तपाईंलाई चोट पुर्‍याउने मानिसले अझ वढि चोट पुर्‍याइ रहेको हुन्छ। (तपाईंको समिप त्यस मानिस नहोला, तर उसले गरेको तपाईंप्रतिको दुर्व्यवहारले दुखेको चित्त झन झन वढाउँदै जानुको अर्थ त्यसले तपाईंलाई नियन्त्रण गरिरहेको अनुभव तपाईंले पाउनु हुनेछ, किनकी तपाईंमा हुनुपर्ने सदाशयता वा क्षमाशीलतामा तपाईं कमजोर हुनुभएको छ-अनुवादकको टिप्पणी)।

कुनै मानिसको खिलाफमा न्याय गर्ने बानी वा मूल्याङ्कन गर्ने आचरणबाट मुक्त हुने उपाय नै उसलाई क्षमा दिने स्वभाव हो। (हाम्रो

दाँजोमा अरू चलेन भनेर त्यस व्यक्तिको चरित्रलाई न्याय गर्दा वा कसैले हामीलाई हानी पुऱ्यायो भने त्यसप्रति ईख, रिसईबी आदि राखिँदा हाम्रो जीवन खराब सोचको दासत्वमा परिरहेको हुन्छ-अनुवादकको प्रतिक्रिया)। हाम्रो खिलाफमा ख्रीष्टले गर्नुपर्ने न्यायबाट हामी मुक्त भएका छौं। त्यसकारण कसैलाई गर्ने हाम्रो न्यायबाट पनि हामी मुक्त भएकाछौं। त्यसको अर्थ यो होइन की हामीले हामीलाई गलत व्यवहार गर्नेको व्यवहार ठिक हुन्छ वा सही नै हो भनेको होइन। तर हामीलाई गलत व्यवहार गर्नेसँग ठिक व्यवहार गर्ने स्वभाव हामीमा हुन जान्छ। परमेश्वर वा ख्रीष्टलाई हामीले गरेको दुर्व्यवहार वा हामीहरूको पापले गर्दा उहाँलाई पुऱ्याएको चोटलाई उहाँले क्षमा दिएर हामीलाई ठिक बाटोमा ल्याउनु भएको छ। ख्रीष्टले हामीलाई क्षमा दिनुभएकोले नै हामी पनि अरूलाई क्षमा दिने सक्षम् हुन्छौं। यथार्थमा भन्ने हो भने क्षमा दिने गुण आत्मनिर्णयको गुण हो। यदि हामीले चाहेको खण्डमा जोसुकैलाई पनि क्षमा दिन सक्छौं। त्यो हाम्रो अधिकार हो। कसैले हामीलाई क्षमा दिन्छ वा दिन्दैन वा चित्त दुखाउँछ वा दुखाउँदैन त्यस व्यक्तिको अधिकार हो भनेर उसले ठान्छ भने, त्यो हाम्रो समस्या होइन। हामीप्रति उसको सोचाईको जिम्मा हामीले लिएका छैनौं। तर उसप्रति हाम्रो सोचाई कस्तो छ वा हुनुपर्दछ त्यो आत्मनिर्णयको अधिकार हामीमा छ। हामीलाई नराम्रो व्यवहार गर्ने व्यक्तिलाई क्षमा दिने वा त्यस व्यक्तिप्रति सदाशयता अपनाउने चरित्रमा हामी होमिएर बस्नुको अर्थ येशूको सच्चा आत्माको अधिनमा हामी छौं भनेर देखाउनु हो।

ख्रीष्टले दिनुभएको क्षमाको बारेमा ज्ञान यदि हामीमा छ भने अरूलाई पनि क्षमा दिन हामी समर्थ हुन्छौं। तर त्यस ज्ञानलाई हामी कसरी वढाउँदै लाने?

## ५. रिस राख्ने प्रवृत्तिबाट छुटकारा पाउँदै विग्रिएको सम्बन्धलाई पुन स्थापना गर्नु (मत्ती १८:१५-१७)

यदि कुनै विश्वासीले हामीलाई गलत व्यवहार गऱ्यो भने त्यसको समाधान कसरी गर्ने भनेर येशूले निर्देशन दिनुभएको छ। त्यस निर्देशनमा हामीलाई तिन कदमहरू चाल्नु पर्छ भन्नु भएको छ। ती निर्देशन त्यस समयको निम्ति मात्र होइन समयसापेक्षिक भएकोले वर्तमान परिस्थितिमा त्यसलाई हामीले कसरी उपयोग गर्ने? हेर्नुहोस्,

मत्ती १८:१५-१७, ""यदि तिम्रो भाइले तिम्रो विरुद्धमा पाप गरेको छ भने उसलाई एक्लै गएर सम्झाऊ। उसले तिम्रो कुरा सुन्यो भने तिमीले उसलाई आफूपट्टि फर्काएको हुनेछौ। तर उसले तिम्रो कुरा सुनेन भने अरू एक-दुई जना सँगै गएर उसलाई सम्झाऊ किनभने धर्मशास्त्रले भनेजस्तो सबै झैं-झगडाहरूको फैसला गर्नलाई दुई वा तीन जना साक्षी बोलाउनुपर्छ। त्यति हुँदाहुँदै पनि उसले कुरा सुनेन भने मण्डलीमा गएर तिमीले पूरै कुरा खोलिदेओ अनि तिनीहरूको कुरा पनि उसले सुनेन भने उसलाई ईश्वर नमान्ने र कर उठाउनेलाई जस्तै गरी त्यागिदिनू।"

हाम्रा समस्याहरूलाई सकेसम्म नवढाउन येशूले हामीलाई सुझाव दिनुभएको छ। विश्वासीहरूको बीचमा आइपरेका कुनै पनि मनमुटाबलाई सानो समूहमा नै सिमित राख्न उहाँले अऱ्हाउनुहुन्छ। यदि दुई जनाको बीचमा केहि कचकच भएमा प्रथमत ती दुईले नै सुल्झाउनु पर्छ भन्ने उहाँको योजना हो। त्यसैकारणले उहाँले भन्नुभएको थियो, "यदि तिम्रो भाईले तिमीमाथि पाप गऱ्यो भने व्यक्तिगत रूपमा उसकहाँ जाऊ र उसले के गल्ती गऱ्यो सम्झाउ। तिमीहरूको बीचमा भएको कचकच बाहिर नल्याउ, तिमीहरूमै सिमित राख।" (मत्ती १८:१५ रूपान्तरित)। दुई जनाको बीचमा भएको समस्यामा अरू मानिसहरू थपियो भने झन बढि समस्या थपिन सक्छ। अनि कसको पक्ष लिने भनेर मानिसहरूले निर्णय लिनु पर्ने हुन्छ। अनि पक्ष लिएर विभाजित भएको गुट गुटमा पक्ष र विपक्ष स्थिति खडा हुन्छ। त्यसले झगडामात्र होइन लडाईं नै ल्याउँछ। जब इसाईहरूमा भएका समस्यालाई आफू आफू वा अरूलाई थाहा नदिएर सुल्झाउन सक्यो भने त्यहाँ इसाई प्रेम र पारस्परिक समझले काम गर्न वढि सम्भावना हुन्छ। जब खडा भएको असहज समस्याहरूलाई विश्वासीहरू आफैले समाधान गर्न
राजी भइयो र कोशिस गरीयो भने तिनीहरूको बीचमा पवित्र आत्माले काम गर्ने वातावरण बन्न सक्छ।

तर कहिलेकाहिँ आफूहरूमा भएका असहमझदारीलाई आफूहरूले नै सुल्झाउन असफल हुन सक्छ। अनि त्यस परिस्थितिमा ती समस्यालई सार्वजनिक नगरी केवल अर्को एक जना वा दुई जनालाई बोलाएर मध्यस्थता गर्न अनुरोध गर्न सकिन्छ। यस परिस्थिति त्यसबेलामात्र आउनु पर्दछ जब दुई जनाको बीचमा भएको समस्यालाई ती दुई जनाले नै सुल्झाउन खोज्दा सुल्झिन असफल भयो। तेस्रो व्यक्तिलाई भित्राउनुको

अर्थ दुई जना दुईतिर फर्केका विश्वासीहरूलाई एक आर्कातर्फ फर्काउनु हो। तिनीहरूलाई एक आपसबाट हटाहट गर्न होइन। तेस्रो व्यक्तिले कसैको पक्ष नलिकन दुई जनालाई सकेसम्म ततस्थ भएर मिलाउन खोज्नुपर्दछ। त्यस व्यक्ति इसाई सल्लाहकार भएर आएको हुनुपर्दछ। दुई जनालाई प्रार्थनामा एकत्रित गरेर समस्याको समाधान गर्न खोज्नु त्यस तेस्रो व्यक्तिको उद्देश्य हुनुपर्दछ।

तर यति गर्दा पनि कतिपय समयमा मिलाउन खोज्ने सबै प्रयत्नहरू असफल हुनसक्छ। यस्तो परिस्थितिमा त्यस समस्यालाई चर्चमा ल्याउनु पर्छ भनेर येशूले भन्नु हुन्छ। तर याद गर्नु होस् त्यस व्यक्तिगत समस्या शबाथ बिहान सेवाकार्य गर्ने समयमा ल्याउने भनेको होइन। प्रथम् दुई प्रयत्नहरू असफल भयो भने त्यस समस्यालाई चर्चको समितीमा ल्याउनु पर्दछ। मानिसहरूको बीचमा शान्ति भएको ख्रीष्टको चाहना हो। एक जनाको पक्ष लिएर अर्कोलाई दोष लगाउने प्रवृत्ति येशूको होइन न त कुनै येशूभक्तको नै हुनुपर्दछ।

"एक आपसमा भएको रिस सकेसम्म चर्को मनमुटाबतिर नधकेल्नु। तिता वा विषादी अपशव्दहरूले घाइते बन्न नदिनु। नराम्रो बोलीले सुन्ने मानिसको दिमागमा नकरात्मक प्रभाव पर्न सक्छ। तिम्रो र तिमीलाई चित्त दुखाउनेको दिमागमा तितो वा नराम्रो सोचविचारले भर्न नदेऊ। आइ परेको समस्यालाई सुल्झाउन तिमी आफै नम्र भएर तिम्रो भाईकहाँ जाऊ र समस्याको बारेमा चर्चा गर।"-एलेन जी ह्वाइट, गस्पल वर्कर्स्, पृ. ४९९बाट रूपान्तरित।

## उपसंहार:

थप जानकारी: "मानौं चर्चमा कार्यरत कर्मचारीहरूको हृदयमा ख्रीष्ट बास गरिरहनुभएको छ रे। मानौं तिनीहरूमा हुने स्वार्थलाई त्यागेको छ रे। एक भन्दा अर्को असल छ भनेर एक आपसको बीचमा वादविवाद भएर रे। मानौं तिनीहरू एक आपसमा नम्र भएर प्रेमभावना देखियो र अनुभव गरियो रे। अनि पवित्र आत्माको अनुग्रहको झरी तिनीहरूको बीचमा निश्चयनै झर्न सक्छ। अनि त्यस्तो वातावरणमा परमेश्वरको प्रतिज्ञा कहिलै पनि असफल हुँदैन।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजेज्,* पुस्तक १, पृ. १७५बाट रूपान्तरित।

"ख्रीष्ट हाम्रो सुरक्षा र उच्च धरहरा हुनुहुन्छ भनेर उहाँको पक्षमा उभिएर हामी परमेश्वरको महान दिन वा न्यायको दिनमा आयौं रे। तब हामीमा भएका एक आपसप्रतिको रिस ईबी डाह र आफ्नो भाऊ खोज्ने प्रवृत्तिले गर्दा अरूलाई दवाएर आफू माथि आउने चालालाई त्याग्नै पर्छ। त्यस्ता अपवित्र तत्वलाई जरादेखिनै उखेलेर नाश गर्नुपर्छ। त्यो तत्व फेरि जीन्दगीमा उमार्न दिनु हुन्न। हामीहरूको सम्पूर्ण जीवनलाई परमेश्वरको पक्षमा रहन समर्पण गर्नुपर्दछ।"-एलेन जी ह्वाइट, *लास्ट डे इभेन्टस्,* पृ. १९०बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. प्रेरित इसाईहरूको चरित्र कस्तो हुनुपर्छ भनेर पावलले कलस्सीका विश्वासीहरूलाई पत्र लेखेर पठाएका थिए। मानिसहरूको बीचमा हुने समस्यालाई सुल्झाउन ती स्वभावहरू हुनु अपरिहार्य छ। ती स्वभावहरूले मत्ती १८:१५-१८मा येशूले दिनुभएको नितिहरूलाई कार्यान्वन गर्न सजिलो हुने कुरामा हामी यकिन हुनुपर्दछ। हेर्नुहोस् कलस्सी ३:१२-१७मा उल्लेख गरिएका पारस्परिक सम्बन्धलाई सुमधुर बनाउने पावलका निर्देशनहरू: "तिमीहरू नै परमेश्वरले छानेका प्यारा पवित्र जनहरू हौ। यसकारण तिमीहरूले माया, दया, नम्रता, सोझोपन, सहनेशक्ति लुगाजस्तै लाउनुपर्छ। १३ तिमीहरूले एक-अर्कालाई सहेर प्रेम देखाओ, कसैको विरोधमा केही कुरो छ भने माफ गर। प्रभुले तिमीहरूलाई माफ गर्नुभएझैं तिमीहरूले पनि एक-अर्कालाई माफ गर। १४ यी सबै गुणहरूभन्दा बेसी प्रेमलाई अपनाओ किनभने प्रेमले नै सबै कुरालाई पूर्ण एकतामा ल्याउँछ। १५ ख्रीष्टको शान्तिले तिमीहरूका हृदयमा राज्य गरोस्। यही शान्तिको लागि नै परमेश्वरले तिमीहरूलाई एउटै शरीरमा बोलाउनुभएको हो। यसमा तिमीहरू धन्यवादी होओ। १६ ख्रीष्टको शिक्षाले तिमीहरूको हृदय भरिभराउ होस्। आफ्ना सबै ज्ञान-बुद्धिले सिकाउने र सल्लाह दिने गर। धन्यवादी

बनेर भजन, स्तुति र आत्माका गीतहरूले हृदयदेखि परमेश्वरलाई चढाउओ। १७ तिमीहरूले जे भने पनि, जे गरे पनि सबै कुरा प्रभु येशूकै नाउँमा गर अनि उहाँद्वारा नै परमेश्वर पितालाई धन्यवाद चढाओ।" चर्चमा हुने आत्मिक पुनर्जागरण र सुधारिएको जीवनलाई प्रदर्शन गरेर आफू काँचुली फेरेको छ भनेर देखाउन ती नितिहरू अपनाउन किन अत्यावश्यक छ?

आ. हामी सेभेन्थ-डे एडभेन्टिस्ट हौं भनेर दावी गर्दा गर्दै पनि हामीमा हुनुपर्ने आत्मिक पुनर्जागरण र सुधारिएको जीवनशैली अपनाएर जनसमक्ष जानलाई मुश्किल बनाउने सबभन्दा ठूलो तत्व के हो त? के हामीले सिकाएका शिक्षादिक्षा वा विद्या हुन् त? कदापी होइन। ती विद्यालाई नै संसारमा प्रचार गर भनेर परमेश्वरले हामीलाई दिनुभएको छ। आत्मिक र जीवनलाई काँचुली फेर्ने वातावरणलाई तगारो बनाउने हामी नै हुन्छ। मानविय कमजोरहरू हामीमा नै छ। ती कमजोरीहरूमा डाह, रिस, स्वार्थपना, ईर्बी, झगडा गर्ने प्रवृत्ति, अरूको मोलमा आफ्नो भाऊ खोज्ने प्रवृत्ति, शक्ति वा अधिकार पाउन अरूलाई दवाउने स्वभाव र अरू धेरै छन्। चर्चमा तपाईंको नजिकमा रहेको अर्को व्यक्ति मात्र होइन तपाईंलाई नै पवित्र आत्माको शक्तिको निम्ति किन प्रार्थना गर्नुपर्छ जसले गर्दा तपाईंको जीवनले काँचुली फेरियोस्। अनि सारा चर्चमा नै पुनर्जागरण र सुधार भएको होस् भनेर प्रार्थना गर्नुहोस्।